# आर्थिक वर्ष २०८०।०८१ को  प्रस्तावित बार्षिक वजेट तथा कार्यक्रम

## यस सभाका सदस्यज्यूहरु,

स्थानीय तहको स्थापना सँगै यस नौबहिनी गाउँपालिकामा हामी जनप्रतिनिधि आइसकेपछि प्रत्यक्ष जनसरोकारका कामको थालनी गरियो ।

प्यूठान जिल्लाको उत्तरी भेगमा पर्ने नौबहिनी विकासको दृष्टिकोणले अति पछि परेको पालिका हो। हामी शिक्षामा गाउँपालिका अनुदानबाट मा. वि. ८, नि. मा. वि. ९, प्रा. वि. ३८ र बालविकास ९ जना गरी जम्मा ६५ जना शिक्षक अनुदान दरवन्दी गाउँपालिकाबाट प्रदान गरी सामुदियक विधालयको गुणस्तर वृद्धि गर्ने पहल गरिनै रहेका छौ । नौबहिनी गाउँपालिकालाई आत्मनिर्भर बनाउने उदेश्यले व्यवसायिक किसान लाई प्रमोट गर्न विभिन्न प्रकारका अनुदानका कार्यक्रम गर्दै आएका छौ। गाउँपालिका तथा वडा कार्यालयबाट सञ्चालन हुने कामकाजलाई सहज एवं सुविधायुक्त बनाउनको लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माण तथा वडा कार्यालय भवनको थालनी गरेका छौ। यहाँ प्राकृतिक शौन्दर्यताले मनोहर एवं प्रचार प्रसारको अभावको कारणले लुकेका स्थानलाई पर्यटन प्रवर्धन गर्ने उदेश्यका साथ विकासका क्रम अगाडी बढाएका छौ। यहाँ रहेको सबैभन्दा अग्लो हिमाल कोठिभिर, सबैभन्दा सुन्दर र गहिरो कटबराह दह, मार्के मन्दिर, गुफा, झुलेनी, मालारानी गुफा, ऐतिहासिक त्रिकुटा कैलास जस्ता सुन्दर वस्तुहरु देख्न र देखाउन त्यहाँसम्म पुग्नको लागि सडक सञ्चालको व्यवस्था भएको छ ।

त्यतिमात्र होइन स्थानीय सरकार निर्वाचित भएर आए पश्चात कर्मचारी रजनप्रतिनिधिहरु मिलेरअगाडी बढ्ने विषयलाई उच्च महत्वका साथ अगाडी बढाएका छौ । विगतका वर्षहरुमा भएका कमीकमजोरीलाई सुधार गर्दै आगामी दिनमा नविन तरीकाबाट विकास गर्दै जाने नीति लिएका छौ। अब जनताले दुःख पाउनु नपर्ने वातारण सिर्जना गर्न स्थानीय सरकार लागि परेको छ । सेवाग्राही पनि आफ्ना सबै समस्या स्थानीय सरकार समक्ष ल्याएर आउने पहुँचमा रहेको हुदा हामी हर्सित भएका छौ। **शुसासन, पारदर्शिता र जवाफदेहितालाई यो सरकारले उच्च महत्व दिदै अगाडी बढेको छ ।**

अव म यस अबधि सम्म भएका मुख्य मुख्य उपलब्धिहरुलाई बुदाँगत रुपमा यस प्रकार उल्लेख गर्न चाहान्छु

१. प्रशासकीय भवन निर्माण भइ फर्निसिङको समेत टेण्डर भइ यही श्रावण देखी संचालन हुने अवस्था रहेको छ ।

२. एम्बुलेन्स खरिद प्रकृया अन्तिम चरणमा पुगी एम्बुलेन्स लिनको लागी टोलि काठमाण्डौ प्रस्थान गरि सकेको छ ।सम्भवत यहि असार १२ गते भित्र एम्बुलेन्स नौबहिनी गाउँपालिकामा भित्रिने छ ।

३.बहाने बजार ढलानको काम अन्तिम चरणमा पुगेको छ ।

४. बहाने खवाङ स्याउलिवाङ्ग जोड्ने सडकको पिनारा खोलामा कल्बर्ट बनाउने कार्य सम्पन्न भई गाडिहरु आवज जावत गर्न थालेका छन् ।

५.पालिकाको ५ बर्षे आवधिक योजना, क्षमता विकास योजना, तथा मध्यमकालिन संरचना निर्माण भइ कार्यान्वयनको चरणमा रहेको छ ।

६.नौबहिनी गाउँपालिका लाई पूर्ण खोप सुनिश्चिता घोषणा भएको छ ।

६.सुशासन प्रवद्धन र सेवा प्रवाहको प्रभावकारीताको लागी पालिका, सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सम्पूर्ण मावि तहका विधालयमा विस्तार भएको छ ।

७. किसान संग गाउँसरकार संचालन कार्यविधि तयार भइ उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन हुदै आएका छन् ।

८. भुक्तानी प्रणालीलाई पूर्णरुपमा EFT मा आधारित बनाइएको छ ।

९. ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई निशुल्क रुपमा आखाको उपचारको व्यवस्था गरिएको छ।

१०. हरेक वडामा टोल विकास समिती गठन भएका छन् ।साथै हरेक वडामा एक मेलमिलाप केन्द्र गठन हुदै गरेका छन् ।

११. सबै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाइएको छ ।

१२. मुटु मृगौला रोग आगलागी बाट पिडित भएका कुनै पनि नागरिकलाई अवस्था हेरी १० हजार देखी २० हजार सम्म राहतको प्रवन्ध गरेका छौ ।

१३.बालविवाहलाई न्यूनीकरण गर्न प्रत्येक मावि तथा आवि तहमा विधालयमा विभिन्न सचेतनात्मक क्रियाकलाप संचालन गरिएको छ ।

१४.विभिन्न वडाहरुमा दन्त शिविर पाठेघर खस्ने समस्याको स्क्रिनिङ शिविर लगाएतका लोक कल्याणकारी कार्य गरिएको छ ।

१५.विभिन्न ६ वटा कार्यविधि निर्माण गरी कानून बनाएर मात्र खर्च गर्ने परिपाटीको विकास गरिएको छ ।

१६.चोरी डकैतीलाई नियन्त्रणमा लिनको लागी बहाने बजार क्षेत्रमा सिसिटिभी जडान भएको छ ।

१७.नश्ल सुधार कार्यक्रम अन्तरगत किसानको आय आर्जनमा सुधार ल्याउन वोयर वोका वितरण गरिएको छ ।

१८. हालै महामारीको रुपमा फैलिएको लम्पि स्किन रोगलाई नियन्त्रणमा लिन विभिन्न किसिमका उपचारात्मक सेवा संचालन गरिएको छ ।

१९.बहाने बजारको सामुदायिक स्वास्थ्य इकाईमा आफ्नै ल्याव सेवा सुचारु गरिएको छ ।

२०. लघु उधम विकास मार्फत यस वर्ष विभिन्न विधामा जना उधमी तयार भएका छन् ।

२१.कर्मचारीहरुको क्षमता विकास मार्फत सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि

गर्न तालिम संचालन गरिएको छ ।

२२.मासिक २० युनिट विधुत खपत गर्ने ग्राहकको सेवा शुल्क वापतको श्रावण महिना देखी चैत्र सम्मको भुक्तानीको लागी नेपाल विधुत प्राधिकरण संग भुक्तानी प्रकृया अगाडी बढेको छ ।

२३. बहाने खवाङ स्याउलिवाङ सडक संजालको ट्र्याक खुली छोटो समयमै स्याउलिवाङ पुग्ने अवस्था भएको छ ।

२४. लुङ मावि, मैरामारे विधालय, गोगनपानी तथा एकरातेमा विधालय निर्माणको कार्य सम्पन्न भएको छ ।

२५. प्रकोपको कारणबाट क्षतिग्रस्त संरचनाको तत्काल राहत र उद्धार गर्न समय समयमा राहत तथा उद्धारको कार्य गर्दै आइएको छ ।

यस सभाका सदस्यज्यूहरु,

अब म

स्थानीय सरकारको रुपमा यस गाउपालिकाको गरिमामय सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु ।

१. पालिका स्तरीय गौरवका आयोजनाको रुपमा रहेका सडकको विकास गरी यस नौबहिनीलाई समृद्धिको आधार तयार गर्नु ।
२. प्रशासकीय भवन तथा अन्य वडा कार्यालयहरु एवं अन्य स्वास्थ्य संस्था तथा विधालयहरुको भौतिक संरचना निर्माणलाई तिव्रता दिनु ।
३. नौबहिनीको केन्द्रविन्दुमा रहेको बहाने बजारलाई कालो पत्रे गरी यो क्षेत्रलाई नौबहिनीको हबको रुपमा विकास गर्नु ।
४. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो एवं जनमुखी बनाई सार्वजनिक सेवा प्रवाहमा सबै खालका नागरिकहरुको सहज एवं सर्वसुलभ सेवाको सुनिश्चिता गर्नु।
५. राजश्व प्रशासनलाई पारदर्शी बनाउदै राजश्व चुहावटलाई न्यूनिकरण गरी आगामी दिनमा पालिकालाई आत्मनिर्भर बनाउनु।
६. कृषिलाई उत्पादनमुखी बनाई स्थानिय कृषकलाई उत्पादन संग आवद्ध गरी परम्परागत खेती प्रणालीलाई विस्थापन गरी किसानहरुलाई व्यवसायिक बनाउनु।
७. प्रकोपजन्य जोखिमहरुको न्यूनिकरण गरी नागरीकहरुको जिउ धनको रक्षा गर्नु।
८. शिक्षालाई प्रविधिमैत्री बनाउदै प्राविधिक क्षेत्रमा कुशल जनशक्ति निर्माण गरी जनसाङ्खिक लाभ हासिल गर्नु ।
९. सुचना प्रविधिलाई नागरिक मैत्री बनाउदै पालिकाका गतिविधिहरु सहज र सरल ढंगले प्राप्प गर्ने अनुभुती दिलाउनु ।
१०. विकासमा आम नागरिकको सहभागिता अभिवृद्धि गरी विकासमा अपनत्व वृद्धि गर्नु ।
११. खरको छाना पूर्ण रुपमा विस्थापित गरी नागरिकलाई सुरक्षीत आवासको ग्यारेन्टी गर्नु ।
१२. नेपाल सरकारले सन् २०३० सम्ममा हासिल गर्ने गरी लिएको दिगो विकासको सपनालाई साकार पार्ने गरी योजना तयार पार्नु ।

सभाका सदस्यज्यूहरु,

प्रस्तुत नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासाथ गरिएको छ ।

- नेपालको संविधान,२०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबध्दताहरु,
- स्थानीय शासन सञ्चालन संबन्धी कानून, आदेश ,नियमावली, प्रावधानहरु ।
- स्थानीय तहका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगोविकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीविकास, बालमैत्री स्थानीयशासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

समुदाय, टोल, वस्तीस्तरमा भएका छलफल नागरिकस्तर बाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस

सभा अध्यक्ष महोदय,
अब म आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा योजना र कार्यक्रम संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।
यस आ.व. मा राजश्व परामर्श समिति र श्रोत अनुमानतथा बजेट निर्धारण समितिको सिफारिसका आधारमा कुल ६५ करोड ८२ लाख ८६ हजार ३२६ रुपैयाको प्रस्तावित बजेट प्रस्तुत गर्दछु ।
यस आ.व.मा हुन आयको विवरण यस प्रकार प्रस्तुत गर्दछु ।
१) **संघीय सरकारबाट प्राप्त**

- राजस्व वाडफाड तर्फ ११ करोड २४ लाख १२ हजार
- वित्तिय समानीकरण तर्फ १० करोड १९ लाख ३० हजार
- शर्शत अनुदानतर्फ रु २३ करोड ५६ लाख
- विशेष अनुदानतर्फ रु ६५ लाख
- समपुरक अनुदानतर्फ ५० लाख

**जम्मा ४६ करोड १४ लाख ४२ हजार**
२) **प्रदेश सरकारबाट प्राप्त**

- बित्तिय समानीकरण अनुदानतर्फ रु ७१ लाख
- राजश्व वाडफाड सवारी साधन कर समेत रु ४४ लाख ९४ हजार ३२६।
- शर्शत अनुदान विभिन्न कार्यक्रम तर्फ ६१ लाख ५० हजार ।
- समपुरक अनुदान १ करोड

**जम्मा २ करोड ७७ लाख ४४ हजार ३२६**
३) **गाउँपालिका**

- गाउँपालिकाको २०७९।०८० मा अल्या हुने अनुमानित रु ३ करोड २५ लाख
- आन्तरिक आय अनुमानित रु ६६ लाख

**जम्मा ३ करोड ९१ लाख**
४) सामाजिक सुरक्षा भत्ता तर्फ

- १३ करोड

**जम्मा ६५ करोड ८२ लाख ८६ हजार ३२६**

यस आ.व.मा हुने व्ययको विवरण यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।
भौतिक पूर्वाधार तर्फ समपुरकबाट खर्चहुने गरी रकम विनियोजन गरिएकोछ ।

| कस | योजना नाम | कार्यान्वियन हुने स्थान | रकम |
|---|---|---|---|
| १ | बाहाने डामृ रोल्पा मोटरबाटो स्तरउन्नति | ५ | १ करोड |
| २ | बल्लेखोला थात्रा मैरामारे मोटरबाटो स्तरउन्नति | ७ | ७५ लाख |
| ३ | बाहाने लुङ्ग तुषारा मोटरबाटो स्तरउन्नति | ६ | ५० लाख |
| ४ | बाहने लिघा फाउनेपोखरी मोटरबाटो स्तरउन्नति | २ | ७५ लाख |
| ५ | वडा कार्यलय भवन वडा नं. ४ र ६ | ४ र ६ | १ करोड। |
| ६ | रुम्जाखोला एकराते बिचटोल बराहथान मो बा | ४ | ४ लाख |

| | | | |
|---|---|---|---|
| ७ | नववन रुभिम मो बा | ४ | ३ लाख |
| ८ | खवाग चेनधारा कुलेली | ४ | २ लाख ५० हजार |
| ९ | अन्नपूर्ण बालु प्रावि फिल्ड निर्माण | ४ | ४ लाख |
| १० | वालिपुग भुडीखोला कुलो निमार्ण उपल्लो | ४ | १ लाख ५० हजार |
| ११ | वालिपुग भुडीखोला कुलो निर्माण तल्लो | ४ | १ लाख ५० हजार |
| १२ | माउखोला खोरखेत सिचाइ | ४ | १ लाख ५० हजार |
| १३ | मुलघात चोरमोल मठसुधार नौबहिनी | ४ | १ लाख ५० हजार |
| १४ | मैरामारे खाम्रीबास मो बा | ७ | १५ लाख |
| १५ | पोखरा पात्चौर मो वा | ७ | ६ लाख |
| १६ | करग्रे मोटरबाटो निर्माण | ७ | २ लाख |
| १७ | चौतारे टोल नाली निर्माण | ८ | २ लाख |
| १८ | लुप्लुङ्ग स्वास्थ्य चौकी मर्मत | ८ | ५ लाख |
| १९ | डाडाथोक मो वा निर्माण | ८ | ३ लाख |
| २० | मौवाखोला भुलेनी मो वा | ८ | ५ लाख |
| २१ | लुप्लुग तल्लो बस्ती बधेल नियन्त्रण | ८ | १ लाख |
| २२ | सिलिखन कुर्तिवागं मोटरबाटो | २ | ४ लाख |
| २३ | कुर्तिवागं गोमटेपानी धरमपोखरी मो वा | २ | ७ लाख |
| २४ | नेपाल राष्टिय आवि फाउनेपोखरी पूर्वाधार निर्माण | २ | ५ लाख |
| २५ | नौधारी तिनचुले पर्यटन प्रवेशद्धार | २ | ४ लाख |
| २६ | घिमिरे मन्दिर निर्माण | ६ | ३ लाख |
| २७ | बल्लेखोला माक्रे घोडेटो बाटो | ६ | ६ लाख |
| २८ | पधेरीखोला सिमलचौर मोटरबाटो | ६ | ३ लाख |
| २९ | पिपलटारी धाइने नालि व्यवस्थापन | ६ | ३ लाख |
| ३० | हरेला बसेली मोटरबाटो | ६ | २ लाख |
| ३१ | छिपछिपे मोटरबाटो घुम्तीसुधार | ६ | २ लाख |
| ३२ | काभ्राफेद पात्ल पात्चौर | ५ | ५ लाख |
| ३३ | जनप्रावि भवन निर्माण | ५ | १५ लाख |
| ३४ | ठन्डा प्रावि तारवार | ३ | २ लाख ५० हजार |
| ३५ | विरौता सरिमा मोटरबाटो निर्माण | १ | १० लाख |
| ३६ | शिवमावि भवन मर्मत | १ | ३ लाख |
| ३७ | स्याउलीबाङ्ग ठुलोगाउँ खारखोला भाक्रीढुगां मो वा | १ | ८ लाख |
| ३८ | सरिप्रकाश | १ | २ लाख |
| ३९ | बजुपुभ्रने रुङवाङ मोटरमाटो | ३ | १ लाख ५० हजार |

**खानेपानी तथा सिचाइ**

| कस | योजना नाम | कार्यान्वयन हुने स्थान | रकम |
|---|---|---|---|
| १ | झरीवाग स्यालखोला खापा | ४ | ५ लाख |
| २ | इरि सिलिखन खा पा मर्मत | २ | २ लाख |
| ३ | जुकेना खानेपानी निर्माण तथा मर्मत | ६ | ३ लाख |
| ४ | मौरीभिर ओखलढुंगा खानेपानी योजना | ३ | ३ लाख |
| ५ | फुर्सापोखरा खा पा मर्मत | ३ | १ लाख ५० हजार |
| ६ | उपल्लो धरेनखोला खापा | ३ | ३ लाख |
| ७ | धम्जेखोला लिम्वाङ खानेपानी निर्माण तथा मर्मत | ३ | ५ लाख |
| ८ | तल्लो भुम्जा चौतारा खा पा | १ | १ लाख ५० हजार |
| ९ | धरम्जीम खा पा मर्मत | १ | २ लाख |
| १० | तिम्लेखोला सिचाइ योजना | ७ | २ लाख |
| ११ | लिस्ने खानेपानी मर्मत | ८ | ५ लाख |
| १२ | पालकटेरी खानेपानी मर्मत | ८ | १ लाख |
| १३ | गातिना खा पा मर्मत | ८ | ५० हजार |
| १५ | स्याउले खानेपानी मर्मत | ७ | १ लाख |
| १६ | टारी खेत कुलो मर्मत | ७ | ३ लाख |
| १७ | भेडावारी खोला खेत तत्बदन | ७ | ३ लाख |
| १८ | धनेपोखरा खानेपानी | ७ | ५० हजार |

**आर्थिक विकास तर्फ**

**पशु विकास शाखा तर्फ**

१. पशु बीमा अभिमुखिकरण तथा चेतनामुलक कार्यक्रम संचालन गर्न रु २ लाख ५० हजार विनियोजन गरिएकोछ ।

२. "कृर्षकको उत्पादन, गाउँसरकारको अनुदान" कार्यक्रम अन्तरगत किसानहरुको उत्पादनलाइ थप प्रोत्साहित गर्न वार्षिक कम्तिामा २०० केजी खसीबोका उत्पादन गर्न सक्ने कृर्षकलाइ प्रतिकेजी रु ८० का दरले अनुदान प्रदान गर्न रु ३ लाख विनियोजन गरिएकोछ ।

३. पशु चौपायलाइ उपचार गर्दा नियन्त्रण गर्न आवश्यक पर्ने टेव्रिज निमार्णका लागि रु १ लाख विनियोजन गरिएकोछ ।

४. कृर्षकका लागि आवश्यक पर्ने अत्यावश्यक औषधी खरिदको लागि रु १० लाख विनियोजन गरिएकोछ ।

६. आकास्मिक माहामारी रोगको विरुद्धमा औषधी वितरण रु २ लाख विनियोजन गरिएकोछ ।

७. नस्ल सुधार गरी उत्पादन बृद्धि गर्न ७५ प्रतिशत अनुदानमा बयरबोका वितरण कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरिएकोछ ।

८. नौबहिनी क्षेत्रको मूख्य बजारकेन्द्र बाहानेमा मापदण्द अनुरुपको आकर्षक फ्रेस हाउस निमार्ण गर्न रु १ लाख विनियोजन गरिएकोछ ।

९. सुत्केरी भैसी स्याहार कार्यक्रम अन्तरगत सुत्केरी भैसीको बीमा गर्ने कृर्षकलाइ अनुदान स्वरुप रु ५ हजार उपलब्ध गराउन रु २ लाख ५० हजार विनियोजन गरिएकोछ ।

१०. माटेरोग परिक्षण यन्त्र खरिद रु ५ लाख ।

**पशुविकास शाखालाइ रु ३२ लाख विनियोजन गरिएको छ ।**

**कृर्षि विकास शाखा तर्फ**

१. किसानसंग गाउँसरकार कार्यक्रम अन्तरगत रु २० लाख विनियोजन गरिएकोछ ।

२. तरकारीको मिनिकिट वितरण शत प्रतिशत अनुदानमा रु ५ लाख विनियोजन गरिएकोछ।
३. किसानहरुको लागि ५० प्रतिशत अनुदानम मकैको विउ वितरण गर्न रु १ लाख ५० हजार विनियोजन गरिएको छ।
४. किसानहरुको लागि ५० प्रतिशत अनुदानम धानको विउ वितरण गर्न रु १ लाख विनियोजन गरिएकोछ।
५. किसानहरुको लागि ५० प्रतिशत अनुदानम गहुँको विउ वितरण गर्न रु १ लाख विनियोजन गरिएकोछ।
६. किसानहरुको लागि ५० प्रतिशत अनुदानमा च्याउको विउ वितरण गर्न रु ६० हजार विनियोजन गरिएकोछ।
७. किसानहरुलाइ शतप्रतिशत अनुदानमा विषादी वितरण गर्न रु ४ लाख विनियोजन गरिएकोछ।
८. किसानहरुको लागि शतप्रतिशत अनुदानम ल्यूर वितरण गर्न रु. ५० हजार विनियोजन गरिएकोछ।
९. किसानहरुलाइ ५० प्रतिशत अनुदानमा अलैचि, किभी विरुवा वितरण गर्न रु २ लाख विनियोजन गरिएकोछ।
१०. किसानहरुको क्षमता विकास गरी उत्पादनमा टेवा पुर्‍याउने उद्देश्यले विभिन्न कृषक तालिम संचालन गर्न रु ३ लाख विनियोजन गरिएकोछ।
११. व्यवसायिक कृषक भ्रमण तथा अवलोकन लागि रु ३ लाख विनियोजन गरिएकोछ।
१२. माटो परिक्षण कार्यक्रम गर्न रु १ लाख विनियोजन गरिएकोछ।
१३. एक वडा एक पकेट क्षेत्रको लागि आवश्यक रकम किसानसंग गाउँसरकार कार्यक्रमबाट खर्च हुनेगरी विनियोजन गरिएकोछ।

**कृर्षि विकास शाखा तर्फ रु ३८ लाख विनियोजन गरिएकोछ।**

## स्वास्थ्य तर्फ

| | | |
|---|---|---|
| १ | करार कर्मचारीको त.भ. | ५० लाख |
| २ | सामुदायिक स्वास्थ्य ईकाईहरुको घरभाडा | १ लाख |
| ३ | डाटा भेरिफिकेशन एवं माशिक समिक्षा कार्यक्रम | १ लाख ५० हजार |
| ४ | मोवाईल स्वास्थ्य कार्यक्रम संचार खर्च | १ लाख ७८ हजार |
| ५ | म.स्वा.स्व.से. प्रोत्साहन भत्ता | ९ लाख ७२ हजार |
| ६ | गाउघर क्लिनिक तथा साप्ताहिक क्लिनिक संचालन तथा व्यवस्थापन | १ लाख |
| ७ | स्वास्थ्य आमा समुह सुदृढिकरण तथा व्यवस्थापन | १ लाख ३० हजार |
| ८ | औषधि खरिद | २१ लाख |
| ९ | बर्थिङ्ग सेण्टरको लागी आवस्यक सामग्री खरिद | ५ लाख |
| १० | निशुल्क टिकट दर्ता वापत स्वा.संस्थाहरुलाई अनुदान | ४ लाख |
| ११ | मोवाईल स्वास्थ्य कार्यक्रमको समिक्षा | ७० हजार |

| | | |
|---|---|---|
| | उपाध्यक्ष कोशेली कार्यक्रम अन्तरगत | ५ लाख |
| १२ | • सुत्केरी सेवा उत्प्रेरणा कार्यक्रम सुत्केरी आमालाई खाना खाजा समेत | ४ लाख |
| | • सुत्केरीलाइ प्याड तथा नवजात शिशुलाइ कपडा प्रदान कार्यक्रम | १ लाख |
| १३ | सामुदायिक स्वास्थ्य इकाई बाहानेमा ल्याव सामग्री,रेविज रोग बिरूद्द खोप तथा टि.टि. खोप ब्यवस्थापन | ५ लाख |
| १४ | पि.एल. एच.आई.भि. हरू लाई पोषण खर्च | १ लाख |
| १५ | महिला स्वास्थ्य स्वयमसेवक दिवस | ८० हजार |
| १६ | जेष्ठ नागरिक तथा लक्षित बर्गमा आखा स्क्रिनिंग शिविर तथा मोतिबिन्दुको निशुल्क शल्यक्रिया | ५ लाख |
| १७ | सुरक्षित मातृत्व कोष | ६ लाख |
| १८ | नर्सिंग स्टाफहरूलाई रात्रीकालीन खाजा खर्च | १ लाख ५० हजार |
| १९ | स्वास्थ्य नीति निर्माण | १ लाख ५० हजार |
| २२ | किशोर किशोरी कार्यक्रम, विद्यालय अडियो सेवा | १ लाख |
| २३ | VIA जाच तथा पाठेघर खस्ने समस्या शिविर | २ लाख |
| २५ | बर्थिंग सेण्टर भवन निर्म्–ण– नौबहिनी ७ | १५ लाख |
| २६ | खोप क्लिनिक भवन निर्माण नौबहिनी १,२,४,५ | १६ लाख |
| | • वडा नं.१ चौतारा, वडा नं. २, वडा नं. एकराते र वडा नं. सानोडामृ | |
| २७ | स्टेचर खरिद | १ लाख ५० हजार |
| २९ | दात रोग स्वास्थ्य शिविर | ३ लाख |
| ३० | स्वास्थ्य सस्थाका कार्यरत कार्यलय सहयोगी तथा नया कर्मचारीहरूको लागि संक्रमण रोकथाम तालिम | १ लाख |
| ३१ | पूर्ण संस्थागत सुत्केरी अभियान कार्यक्रम | २ लाख |
| ३२ | PMRRT अभिमूखिकरण तथा कार्यक्रम सञ्चालन | २ लाख |

स्वास्थ्य तर्फ १ करोड ७६ लाख ५८ हजार विनियोजन गरिएको छ ।

शिक्षा युवा तथा खेलकुद तर्फः

| | | |
|---|---|---|
| १ | गाउँपालिका माध्यामिक विध्यालय शिक्षण अनुदान | ३० लाख २४ हजार |
| २ | गाउँपालिका निम्न माध्यमिक विध्यालय शिक्षण अनुदान | ३२ लाख ३४ हजार |
| ३ | गाउँपालिका प्राथामिक विध्यालय शिक्षण अनुदान | १ करोड २ लाख ६० हजार |
| ४ | गाउँपालिका बालविकास शिक्षण अनुदान | १४ लाख ४० हजार |
| ५ | शसर्तका बालविकास कार्यालय सहयोगी र विध्यालय कर्मचारीहरुलाइ गाउँपालिकाबाट थप गर्नुपर्ने भनी घोषणा भएको तलव भत्ता | ८४ लाख |
| ६ | प्र अ वैठक यातायात खर्च खाजा खर्च | ६ लाख |
| ७ | गाउँ सरकार सँग अभिभावक शिक्षक र विद्यार्थीसग शैक्षिक सुधारको लागि विविध अन्तरकृया कार्यक्रम | २ लाख |
| ९ | “गरौ योग रहौ निरोग" भन्ने नाराका साथ माध्यामिक तहका विद्यालयहरुमा योग तथा आयुर्वेद शिक्षा कार्यक्रम सचालन | ४ लाख |
| १० | शैक्षिक गुणस्तर बृद्धि तथा शिक्षण सिकाइ अनुभव आदानप्रदान गर्न प्रअहरुको लागि नमुना विध्यालय भ्रमण तथा अवलोकन | ४ लाख |
| १४ | गाउँपालिका स्तरिय कक्षा ५ र ८ परीक्षा सञ्चालन। व्यवस्थापन | ५ लाख |
| १५ | कक्षा ६ ७ र ८ को स्थानिय पाठ्यपुस्तक लेखन सम्पादन र छपाई | ८ लाख |
| १६ | खेलकुद विकासको लागि माध्यामिक तहका विद्यालयहरुलाई विविध खेलकुद सामाग्रि प्रदान कार्यक्रम | २ लाख |
| १७ | शिक्षक तालिम ( ECD तालिम, शिक्षकको क्षमता विकास तालिम, पेशागत विकास तालिम, KEY विषयगत तालिम, प्र अ अन्तरक्रिया, विविध प्रवोधिकरण कार्यक्रम, IEMIS तालिम, व्यवस्थापन तालिम ) | ८ लाख |
| १८ | पालिका तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन तथा खेलाडी सहभागिता | ६ लाख |
| १९ | विद्यालय तहका लागी विविध पुरस्कार कार्यक्रम (कक्षा ५, ८ र १० मा उत्कृष्ट विद्यार्थि ,अग्रेजी ,गणित र बिज्ञान बिषयगत) | २ लाख |
| २० | बालबिकास शैक्षिक साम्रागी ,स्वास्स्थ्य समाग्री तथा विध्यालय सिकाइ उपलब्धिको लागि भित्ते लेखन कार्यक्रम | ८ लाख |
| २१ | शिक्षा दिवसको अवसरमा विध्यालय स्तरिय अतिरिक्त क्रियाकलाप संचालन कार्यक्रम | १ लाख |
| २२ | अध्यक्ष कप भलिबल प्रतियोगिता | ५ लाख |
| २३ | हप्कीडो खेलकुद व्यवस्थापन | ५ लाख ५० हजार |
| २४ | खेलकुद क्षेत्रको विकास प्रवद्ध र व्यवस्थापन | ५ लाख |

शिक्षा तर्फ जम्मा रु. ३ करोड ३८ लाख ८ हजार विनियोजन गरिएको छ।

## सामाजिक विकास तर्फ

| | | |
|---|---|---|
| १ | बालविवाह उन्मुलनका लागी विद्यार्थि अभिभावक सचेतनात्मक कार्यक्रम | ८ लाख |
| २ | पालिका स्तरिय अपाङ्ग संन्जाल ब्यबस्थापन तथा संचालन खर्च | १ लाख |
| ४ | जेष्ठ नागरिक दिवसको अवसरमा ७५ बर्ष माथिका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम | ३ लाख |
| ५ | अन्तराष्ट्रिय नारि दिवश पालिकागत | १ लाख ५०हजार |
| ६ | लैङ्गिक हिसां विरुद्धको १६ दिने अभियान विविध कार्यक्रम | १ लाख ५०हजार |
| ७ | वाल दिवशको अवशरमा हाजिर जवाफ प्रतियोगिता कार्यक्रम | १ लाख |
| ९ | पालिका स्तरीय महिला सञ्जाल संचालन तथा व्यबस्थापन | ५० हजार |
| १० | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण ,लैङ्गिक उत्तरदायित्व बजेट परीक्षण तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रम | १ लाख |
| ११ | दलित, अपाङ्गता तथा पिछडिएको वर्ग समुदायहरुको लागी सिपमुलक कार्यक्रम संचालन | ७ लाख |
| १२ | अन्तराष्ट्रिय नारि दिवश वडागत | २ लाख |
| १३ | असाय बालबालिकाहरुको जीवनस्तर सुधार कार्यक्रम | ३ लाख |

**सामाजिक विकास शाखा अन्तरगत विविन्न लक्षित कार्यक्रम तर्फ रु २९ लाख ५० हजार विनियोजन** गरिएको छ ।

## आयुर्वेद तर्फ

| क्र.सं. | शिर्षक | रकम रु. |
|---|---|---|
| १ | अत्यावश्यक तथा पञ्चकर्म सम्वन्धि आयुर्वेद औषधी खरिद | ५ लाख |
| २ | पाइल्स, फिसर र फिस्टुला रोग सम्वन्धि विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन | २ लाख |
| ३ | परम्परागत स्वास्थ्यकर्मीहरुको सूचिकरण र जडिबुटी परिचयात्मक कार्यक्रम | १ लाख |
| ४ | पञ्चकर्म कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | २ लाख ५० हजार |
| ५ | औषधालयको मूल गेट तथा वाल निर्माण | १ लाख |

आयुर्वेद औषधालय तर्फ रु ११ लाख ५० हजार विनियोजन गरिएको छ ।

## वडा कार्यालय

प्रत्येक वडाहरुलाइ रु २५ लाखका दरले जम्मा रु २ करोड विनियोजन गरिएको छ। सोही बमोजिम वडा कार्यालयहरुले बस्तीस्तरबाट माग भई प्राप्त भएका योजनाहरु तत तत  शिर्षकमा कार्यन्वयन हुने गरी सविकृत गरिएको छ।

- गाउँपालिका भरका नियमित मोटरबाटो मर्मत सम्भार रु. ४० लाख
- आकस्मिक मर्मत सम्भार रु. १० लाख ।
- प्रकोप तथा विपद् व्यवस्थापन रु. ४० लाख
- राहतकोष रु. २५ लाख
- सानो जे.सि.बि मेसिन खरिद ५० लाख ।

रु १ करोड ६५ लाख ।

- लघुउद्यम कार्यक्रम अन्तरगत एडभान्स तालिम संचालन बापत रु ५ लाख
- न्यायिक समिति तथा मेलमिलापकर्ता व्यवस्थापन रु १५ लाख ।

अल्या तर्फ

- ७ नं. वडा कार्यालय भवनको गेट र रेलिङ्ग निर्माण रु २ लाख ५० हजार ।
- सुरदिप मोटरबाटो निर्माण रु ४ लाख ४० हजार ।

शशर्त तर्फ :

शर्शत अनुदान तर्फको खर्च जुन जुन शिर्षकमा प्राप्त भएको हो सोही शिर्षकमा मात्र खर्च गरिने छ। यसरी खर्च गर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान गरी जम्मा रु २४ करोड १७ लाख ५० हजार विनियोजन भएकोछ।

संघीय विशेष अनुदानतर्फ :

संघीय सरकारबाट प्राप्त विषेश अनुदान निहालखोला चोधारा खानेपानी योजना नौबहिनी-७ को लागि

६५ लाख विनियोजन भएको छ।

## चालु खर्च तर्फ

पधाधीकारीको सेवा सुविधा कर्मचारीहरुको तलब तथा भत्ता र अन्य प्रशासनीक खर्च समेत गरी चालु खर्च तर्फको लागि १० करोड विनियोजन गरी अनुसुची ३ को फाराम भरी पेश गर्दछु।

## नौबहिनी गाउँपालिकाको आ. व . २०८०। ०८१ को चालु खर्च अनुमानित बजेट बाँडफाँड

| खर्च शिर्षक नं. | बजेट शिर्षक | आ.व २०७७०७८ बमोजिम वार्षिक बजेट | आ.व २०७८।०७९ बमोजिम वार्षिक बजेट | आ.व २०७९।०८० बमोजिम वार्षिक बजेट | आ.व २०८०।०८१ जम्मा वार्षिक बजेट |
|---|---|---|---|---|---|
| २१००० | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | १०७००००० | ११७००००० | ११७००००० | १ करोड ५ लाख |
| २११११ | कर्मचारी तलव | १८५५०००० | २००००००० | २३०००००० | २ करोड ३० लाख |
| २१११२ | स्थानीय भत्ता | २०००००० | २०००००० | २०,००,००० | २० लाख |
| २१११३ | मंहगी भत्ता | १५००००० | १५००००० | १५००००० | १५ लाख |
| २१११९ | अन्य भत्ता | ३०००००० | ३०००००० | ३०००००० | ३० लाख |
| २११२१ | पोशाक | १२००००० | १२००००० | १२००००० | १२ लाख |
| २२१११ | खानेपानी तथा विजुली | ३५०००० | ३५०००० | ३५०००० | ३ लाख |
| २२११२ | सुचना, संचार, पत्रपत्रिका महसुल | १३००००० | २०००००० | २०००००० | २० लाख |
| | विभिन्न छपाइ तथा प्रकाशन | | | | ७ लाख |
| २२१२१ | घर भाडा | १७००००० | १७००००० | १७००००० | ५ लाख |
| २२१२२ | अन्य भाडा | १०००००० | १०,००,००० | १०००००० | १० लाख |
| २२२११ | इन्धन | २०,००,००० | २०,००,००० | ३०,००,००० | ३५ लाख |
| २२१२२ | पुजीगत तथा अन्य मसलन्द समान मर्मत | १५००००० | १५००००० | २५००००० | २५ लाख |
| २२२१३ | िवमा | ६००००० | ६००००० | ६००००० | ६ लाख |
| २२३११ | कार्यालय सम्वन्धी खर्च | ९००००० | १०००००० | १०००००० | १ करोड |
| २२४१२ | अन्य सेवा शूल्क तलव | १६०००००० | १६०००००० | १६०००००० | १६ लाख |
| | परामर्श तथा अन्य सेवा शुल्क | १६००००० | २०००००० | २५००००० | २५ लाख |
| | फनिचर तथा फर्निसिङ | ७००००० | ७००००० | ७००००० | १० लाख |
| | कर्मचारी तालिम | ३००००० | ४००००० | ६००००० | ५ लाख |
| | मसलन्द तथा कार्यालय सामाग्री | ९००००० | ८००००० | ५००००० | ५ लाख |
| | कार्यलयगत विविध कार्यक्रम खर्च | १५००००० | २५००००० | २५००००० | २५ लाख |
| | अनुगमन मुल्याङ्कन(योजना तथा शिक्षा) | १५००००० | २०००००० | २०००००० | २५ लाख |
| | भ्रमण खर्च | ६५००००० | ६८००००० | ६०००००० | ६० लाख |
| | मेसिनरी तथा औजार मर्मत तथा संरक्षण | १०००००० | १०४१००० | २०००००० | २० लाख |
| | पुजीगत अनुसन्धान तथा परामर्श | २२००००० | २२००००० | २५००००० | २५ लाख |
| | विविध खर्च | ६०००००० | ६०००००० | ६८००००० | ६५ लाख |
| | **विविध कर्मचारी पुरस्कार** | | | १००००० | १ लाख |
| | **राजस्व सुधार योजना** | | | | ५ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | उपभोक्ता समिति तथा टोलविकास संस्थाका पदाधिकारीहरुलाइ अभिमुखीकरण तथा तालिम | | | | ८ लाख |
| | कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ विकासका नयाँ मोडेल अनुसरण गर्न अध्ययन अवलोकन भ्रमण | | | | १० लाख |
| | विभिन्न स्थानमा सिसिटिभि क्यामेरा जडान तथा सफ्टोयर अध्यावधिक | | | | ६ लाख |
| | हेलो नौबहिनी एप्स निर्माण तथा संचालन | | | | ५ लाख |
| | पालिका भवनमा इन्टरकम सफ्टोयर जडान | | | | ४ लाख |
| | पालिकाको सर्भर निर्माण | | | | ४ लाख |
| | जनप्रतिनिधिहरुलाइ काम कर्तव्य सम्बन्धि पुनःताजकि तालिम | | | | ५ लाख |
| | बालमैत्री स्थानीय शासन संचालन कार्यक्रम | | | | ३ लाख |
| | बस पार्क जग्गा खरिद | | | | १५ लाख |
| | गा पा राष्टिय महासंघ आर्थिक सहयोग | | | | ६० हजार |
| | पोषण कार्यक्रम | | | | ५ लाख |

**आदरणीय अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा योजना र कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने समितिका सदस्यज्यूहरु आदरणीय कार्यपालिकाका अध्यक्षज्यू, वडा अध्यक्ष एवं सदस्यज्यूहरु प्रमुख प्रशासकीय अधिकृतज्यू तथा अन्य कर्मचारी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेट तथा योजना र कार्यक्रम लागु भई नौबहिनी गाउँपालिकाको उन्नति हुने अपेक्षा गरेको छु ।

"सभ्य, समृद्ध र सुखी नौबहिनी"

**धन्यवाद ।**

**बिष्णा थापा**
**उपाध्यक्ष**
**नौबहिनी गाउँपालिका**
**लुङ्ग बहाने प्यूठान**